

**के तपाईंको घर पा( नीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २३ गते शनिबार ❑ 8 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## 'उज्यालो गण्डकी प्रदेश' घोषणालाई प्रभावकारी बनाउन प्राधिकरणको सहयोग आवश्यक : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २२ असार



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले 'उज्यालो गण्डकी प्रदेश' घोषणाको कार्यक्रमलाई थप प्रभावकारी बनाउन विद्युत् प्राधिकरणको सहयोग आवश्यक भएको बताउनुभएको छ ।

मुख्यमन्त्री पाण्डे र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङबीच गण्डकी प्रदेशका सबै नागरिकको घरमा विद्युत् पुर्याउने विषयमा आज भएको भेटघाट एवं छलफलमा उहाँले उक्त कुरा बताउनुभयो । गण्डकी प्रदेशका ९९ दशमलव ५ प्रतिशत घरमा विद्युत् पुगिसकेकाले बाँकी घरमा विद्युतीकरणका लागि सरकार र प्राधिकरणले मिलेर अघि बढ्नुपर्ने बताउँदै उहाँले ग्रिड लाइन, लघु जलविद्युत् र सौर्य ऊर्जाबाट पनि विद्युतिकरण भएको र सकेसम्म सबै ठाउँमा ग्रिडलाइन विस्तार गर्नेगरी अघि बढ्नुपर्ने बताउनुभयो ।

पछिल्लो केही समय यता विद्युत् छिनछिनमा अनियमित हुँदा उपभोक्ताले गुनासो आउने गरेको बताउँदै उहाँले त्यसबाट उद्योग, व्यापार, व्यवसायमा समस्या आउने भएकाले समाधानतर्फ ध्यान दिन उहाँले अनुरोध गर्नुभयो । राष्ट्रिय गौरवको योजनाको रुपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका सम्बन्धमा मुख्यमन्त्री पाण्डेले चासो लिनुभएको थियो। पृथ्वी राजमार्ग, मध्यपहाडी सडकलगायत सडक विस्तार भएका ठाउँमा पोल स्थानान्तरण नहुँदा दुर्घटना हुन सक्ने खतरा रहेको बताउँदै उहाँले त्यसतर्फ विद्युत् प्राधिकरणले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

छलफलमा कार्यकारी निर्देशक घिसिङले तत्काल उज्यालो पुर्याउन दुर्गम ठाउँमा लघु जलविद्युत्, सौर्य ऊर्जा पनि प्रभावकारी हुने बताउँदै प्राधिकरणले ग्रिड लाइनबाट विद्युत् पुर्याउने गरी काम अघि बढाइरहेको जानकारी दिनुभयो । उज्यालो गण्डकी प्रदेश कार्यक्रमलाई सहयोग पुग्ने गरी सबस्टेशन निर्माण, ग्रिड लाइन विस्तारको काम अघि बढिरहेको उहाँले मुख्यमन्त्री पाण्डेलाई जानकारी गराउनुभयो ।

बूढीगण्डकी आयोजना नेपालका लागि आवश्यक र गौरवको परियोजना भएकाले छिटो निर्माण गर्ने दिशामा अघि बढ्नुपर्ने र त्यस्तो हुन नसकेको बताउँदै उहाँले प्रक्रिया भने अघि बढीरहेकोबताउनुभयो।प्राधिकरणको प्रादेशिक कार्यालयमार्फत सडक विस्तार भएका ठाउँका जोखिम पोल तत्काल स्थानान्तरण गरिने बताउँदै उहाँले सडकले स्थानान्तरण गर्ने उपयुक्त ठाउँ नदिँदा समस्या हुने गरेको, जङ्गल क्षेत्रमा रुख काट्ने अनुमति ढिला हुँदा लाइन विस्तारमा देशभर जटिल समस्या देखिएको बताउनुभयो ।

भेटघाटमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा, नेपाल विद्युत् प्राधिकरण प्रादेशिक कार्यालय पोखराका प्रमुख जगदीशचन्द्र जोशीलगायत सहभागी हुनुहुन्थ्यो ।

## इन्टरनेट र फोन महशुल घटाउने सेवा प्रदायकलाई सुझाब

पोखरापत्र संवाददाता
पोखरा, २२ असार



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले इन्टरनेट र फोन महशुल घटाएर सहज रुपमा स्तरीय सेवा दिन सेवा प्रदायकहरुलाई सुझाब दिएका छन् ।

शुक्रबार पोखरामा आयोजित गण्डकी प्रदेशमा दुरसञ्चार सेवाको वर्तमान अवस्था, गुणस्तर विषयमा सेवा प्रदायक र सरोकारवालासँगको अन्तरक्रियामा उनले यस्तो बताएका हुन् । 'दुरसञ्चारको सेवाले विश्वनै साँघुरिएको छ, मानिसहरुलाई हातहातमा छिटो सेवा चाहिएको छ' उनले भने 'अहिले भएको भन्दा सस्तो र स्तरीय सेवा दिने गरी सेवाप्रदायकले काम गर्नुपर्छ ।' अहिले पनि दुर्गम हिमाली र उच्च पहाडी भेगमा दुरसञ्चार सेवा प्रभावकारी नभएको बताउँदै उनले सेवा बिस्तारमा ध्यान दिन अनुरोध गरे । 'सेवाप्रदायक संस्था नाफामुखी भए भन्ने आरोप पनि छ' मुख्यमन्त्री पाण्डेले भने 'नाफा थोरै गरेर सेवामा सहुलियत दिऔँ ।' संचार सेवा ब्यक्तिको स्वतन्त्रतासँग पनि जोडिएको बताउँदै उनले अहिले स्वतन्त्रताको नाममा प्रविधि दुरुपयोगको घटनापनि बढेको बताए । गण्डकी प्रदेश भित्र संचार सेवामा देखिएका समस्या,समाधानका उपाए, अझै स्तरीय सेवा सुविधा दिन प्रदेश सरकारले खेल्नुपर्ने भुमिका, गर्नुपर्ने काम, प्राधिकरणको योजना लगायतका बारेमा छलफलबाट समाधान निकाल्न मुख्यमन्त्री पाण्डेले अनुरोध गरे । नेपाल दुर सञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम प्रसाद खनालले अन्तरक्रियापछि सेवा बिस्तार र गुणस्तर कायम गर्नमा मद्धत पुग्ने बताए । उक्त कार्यक्रममा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डाक्टर कृष्णचन्द्र देवकोटा, स्थानीय तहका जनप्रतिनिधि, सेवा प्रदायक संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

## स्वास्थ्य सेवामा सरल र सहज पहुँचका लागि गम्भीर बनौँ : प्रधानमन्त्री

रासस
काठमाडौं, २२ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्वास्थ्य सेवाका लागि आवश्यकपर्ने जनशक्ति र स्वास्थ्य सेवा प्रवाहमा जनताको सरल र सहज पहुँचका लागि स्वास्थ्य क्षेत्रका प्रतिष्ठानले विशेष भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको छैटौँ सभा बैठकलाई शुक्रबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्रीले स्वास्थ्य सेवा र यस क्षेत्रमा आवश्यकपर्ने जनशक्तिको विकासका निम्ति प्रतिष्ठानको उत्पादन, सेवा र वितरण प्रणाली सरल, पूर्वाग्रहरहित, आम नागरिकको पहुँच पुग्ने स्तरको हुनुपर्ने बताउनुभएको हो ।

सो अवसरमा प्रतिष्ठानका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री प्रचण्डले ' प्रतिष्ठानको रणनीतिक विकास र समावादोन्मुख स्वास्थ्यको लक्ष्य प्राप्तिका निम्ति यस सभाले महत्वपूर्ण योगदान गर्ने विश्वास लिँदै सोहीबमोजिम नीति, योजना, कार्यक्रम र कार्यान्वयनको प्रक्रियामा लाग्न' अपिलसमेत गर्नुभयो ।

"विसं २०१३ मा सोल्जर बोर्ड अस्पतालका रूपमा स्थापना भएको यस अस्पताल निरन्तर क्षमता वृद्धि हुँदै पाँच सय शय्याको अस्पतालका साथसाथै चिकित्साशास्त्रमा दक्ष जनशक्ति उत्पादन गर्ने प्रतिष्ठानका रूपमा विकसित भएको प्रधानमन्त्रीले स्मरण गर्नुभयो ।

सो प्रतिष्ठानबाट गण्डकी प्रदेशका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै सहज र सुलभरूपमा चिकित्सा शिक्षासमेतको अध्यापन हुनु आफैँमा गौरवको विषय भएको उहाँले बताउनुभयो । अध्ययन, अनुसन्धान र गुणस्तरीय स्वास्थ्य सेवाका क्षेत्रमा यस प्रतिष्ठानबाट थप योगदान पुग्ने प्रधानमन्त्रीले विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री प्रचण्ड भन्नुभयो, "स्थापनाको छोटो अवधिमा प्रतिष्ठानले हासिल गरेको भौतिक एवं शैक्षिक उपलब्धिको जगमा टेकेर संस्थाको बृहत् हितका पक्षमा नेपालको संविधान, प्रचलित कानुन र प्रतिष्ठानका आफ्नै विधिविधानअनुरूप अगाडि बढ्दै देशकै अग्रणी स्वास्थ्य प्रतिष्ठानका रूपमा विकास एवं विस्तार भएको छ ।" प्रधानमन्त्रीले सो कार्यका लागि यसमा सम्बद्ध सबैले गम्भीर मेहनत र पहलकदमी लिनेमा आफू आशावादी भएको बताउनुभयो ।

## गण्डकी प्रदेशको बजेट पारित

पोखरापत्र संवाददाता
पोखरा, २२ असार

गण्डकी प्रदेश सरकारले यही असार १ गते सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रदेशसभाबाट पारित भएको छ ।

आर्थिक मामिलामन्त्री जीतप्रकाश आले मगरले शुक्रबारको प्रदेशसभा बैठकमा विनियोजन विधेयक-२०८० र आर्थिक विधेयक-२०८० लाई पारित गर्नका लागि प्रस्तुत गर्नुभएको प्रस्ताव बहुमतले पारित भएको हो ।

आर्थिक मामिलामन्त्री आले मगरले प्रस्तुत गर्नुभएको दुवै विधेयकसम्बन्धी प्रस्तावलाई सभामुख कृष्णप्रसाद धितालले प्रदेशसभामा निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो । दुवै प्रस्तावका पक्षमा प्रदेशसभाको बहुमत देखिएकाले सभामुख धितालले बहुमतले विधेयक पारित भएको घोषणा गर्नुभएको थियो । प्रदेशसभा सदस्य गोविन्दबहादुर नेपाली, यशोदा रिमाल, देवका पहाडी त्रिपाठीलगायत आठ जना प्रदेशसभा सदस्यले राख्नुभएको बजेट संशोधनको प्रस्ताव प्रदेशसभाको बहुमतद्वारा अस्वीकृत भएको थियो ।

बजेट पारित हुनुअघि विनियोजन विधेयक र आर्थिक विधेयकमाथि प्रदेशसभामा दफाबार छलफल भएको थियो । सरकारले आगामी आवका लागि रु ३३ अर्ब ४२ करोड ७२ लाखको बजेट ल्याएको छ । चालुतर्फ रु १२ अर्ब १३ करोड ६७ लाख र पूँजीगततर्फ रु २० अर्ब १९ करोड रहेको छ ।

## पोउवा संघले सम्झियो संस्थापक अध्यक्षलाई

पोखरापत्र संवाददाता
पोखरा, २२ असार




पोखरा उद्योग वाणिज्य संघले संस्थापक अध्यक्ष स्वर्गीय अमृतप्रसाद शेरचनको १०० औं स्मृति दिवस पारेर उनको व्यक्तित्व र योगदानबारे चर्चा गरेको छ ।

१९८१ साल असार १५ गते मुस्ताङको भाक टुकुचेमा जन्मेका शेरचनकै नेतृत्वमा २०११ सालमा पोखरा उद्योग वाणिज्य संघको स्थापना भएको थियो । शेरचनले २००७ सालको प्रजातान्त्रिक आन्दोलन र त्यसपछिका आन्दोलनमा पनि सक्रिय सहभागिता जनाएका थिए । स्वतन्त्रता सेनानी शेरचन पोखरेली नवरत्नमध्येका एक हुन् । पृथ्वीनारायण क्याम्पसको संस्थापकमध्येका एक रहेका उनले तत्काली पोखरा मल्टीपर्पोजस्कूल,बालमन्दिरलगायतका विद्यालय स्थापना र धार्मिक कार्यमा पनि उत्तिकै योगदान दिएका थिए । स्मृतिमा शुक्रबार आयोजित कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष वसन्त उदासले भैरवटोलमा व्यवसाय गर्ने शेरचनको व्यक्तित्व आफैँमा विशाल भएको बताए । आधुनिक पोखरा निर्माणमा शेरचनले दिएको योगदान अविस्मरणीय रहेको उनको भनाइ थियो । उनले सफलतापछि मान्छे भ्रममा पर्छ र आफ्नो कार्यलाई निरन्तरता दिन सक्दैन भन्ने चाणक्यको भनाइ शेरचनको जीवनमा मिथ्या साबित भएको धारणा पनि राखे ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले संस्थापक अध्यक्ष शेरचन आधुनिक पोखराका सर्जकमध्येका एक भएको बताए । संस्थापक अध्यक्ष शेरचनले संघलाई बलियो बनाउन दिएको योगदानकै कारण अहिले पोउवा संघ यो अवस्थामा रहेको उनको भनाई थियो । संस्थापक अध्यक्षको सम्मानमा संघले एउटा बैठक कक्षलाई अमृत कक्ष नामाकरण गरेको पनि उनले सम्झाए ।

स्वर्गीय शेरचनका सूपुत्र विकल शेरचनले पिताको बोली र व्यवहारमा अदृष्य प्रेरणा हुने गरेको सुनाए । पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीको धन्यवाद र महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा स्वर्गीय शेरचनकी धर्मपत्नी शोभा शेरचनसहितका शुभेच्छुकको उपस्थिति रहेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ‘पोषिलो’को ब्रान्ड एम्बेस्डर सुकदेव कार्की

पोखरापत्र संवाददाता
पोखरा, २२ असार



पोषणयुक्त आहार उत्पादन गर्दै आएको ‘पोषिलो फुड्स प्रालि’ले शारिरीक सुगठन खेलाडी सुकदेव कार्कीलाई कम्पनीको ब्रान्ड एम्बेस्डर घोषणा गरेको छ । आइतबार पोखरामा एक कार्यक्रम गरी कम्पनीले कार्कीलाई ब्रान्ड एम्बेस्डर घोषणा गरेको हो ।

कार्की फिटनेस इन्फ्लुएन्सर र ट्रेनर हुन् । एनवाई एफसी नेपाल नामक समूहबाट शारीरिक व्यायामबारे कार्कीले अभियान पनि चलाइरहेका छन् । उनले आधुनिकीकरणसँगै मान्छेको व्यस्तताले बढेकाले शारीरिक व्यायाममा पनि उत्तिकै ध्यान दिनुपर्ने बताए ।

‘व्यायाम गर्दा विभिन्न पौष्टिक तत्वहरु हाम्रो शरीरले माग गर्छ । ती तत्वहरु पुऱ्याउन सकेनौं भने पनि व्यायाम गर्नुको औचित्य रहँदैन,’ पोषिलोका ब्रान्ड एम्बेस्डर कार्कीले भने, ‘त्यसकै लागि हामीले शरीरको आवश्यकताअनुसार अतिरिक्त पोषणतत्वहरु खानुपर्ने हुन्छ ।’

परम्परागत रुपमा नेपालीले प्रयोग गर्दै आएको सातुलाई ‘ब्रान्डिङ’ गर्न पौष्टिक आहारयुक्त उत्पादन सुरु गरेको पोषिलो फुड्सका प्रवन्ध निर्देशक पृथ्वीकल्याण पराजुलीले जानकारी दिए । कम्पनीले ४ थरि सातु उत्पादन गरिरहेको र त्यसमा नेपालमै उत्पादित खाद्यान्नको प्रयोग गरिएको दाबी पराजुलीको छ ।

‘हामीबाट उत्पादित सातुका प्रोडक्टहरु बच्चादेखि वयष्क र वृद्धासम्मका लागि उपयुक्त हुने गरी तयार पारेका छौं । शारीरिक व्यायाम गर्ने खेलाडी र गर्भवती महिलाका लागि पनि पोषिलो सातु उत्पादन गर्दै आएका छौं,’ पराजुलीले भने, ‘जसलाई जस्तो पोषणतत्व आवश्यक पर्छ सोहीअनुसार पोषिलो अन्न तथा खानेकुराको सम्मिश्रणबाट उत्पादन तयार पारेका छौं ।’

कम्पनीले मल्टीग्रेन सातु, नट्टी डिलाइट सातु, प्रोटिन प्लस सातु, न्यट्री प्लस सातु उत्पादन गर्दै आइरहेको छ । २ वर्षअघिबाट उत्पादन सुरु गरेको पोषिलोले हाल आफ्ना उत्पादन नेपालका पोखरासहित विराटनगर, काठमाडौं, चितवन, बिर्तामोड, इटहरीलगायत सहरमा वितरकमार्फत पुगिसकेको र चाँडै अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने लक्ष्य रहेको कम्पनीले जनाएको छ ।

# पढाइ छाडेको २१ वर्षपछि वडाध्यक्ष एसइईमा उत्तीर्ण

पोखरापत्र संवाददाता
बेनी, २२ असार

म्याग्दीको मङ्गला गाउँपालिका-१ कुहुँका वडाध्यक्ष एकजित रोकाले पढाइ छाडेको २१ वर्षपछि एसइई परीक्षामा उत्तीर्ण हुनुभएको छ ।

माध्यमिक शिक्षा परीक्षा, २०७९ (एसइई) मा दीपशिखा मावि कुहुँबाट परीक्षामा सहभागी हुनुभएका वडाध्यक्ष रोकाले दुई दशमलव ६५ जिपिए ल्याएर उत्तीर्ण हुनुभएको हो । विसं २०५८ मा एसएलसी परीक्षामा सामेल हुनुभएका रोकाले अनुत्तीर्ण भएपछि पढाइ नै छाड्नुभएको थियो । एसएलसीमा फेल भएपछि उहाँले वैदेशिक रोजगारको सिलसिलामा मलेसिया र अफगानिस्तानमा आठ वर्ष बिताउनुभएको थियो । उहाँ २०६९ सालमा घर फर्किनुभएको थियो । घर फर्किएपछि रोका स्थानीय देउराली युवा क्लबलगायतका सङ्घ संस्थामा आबद्ध हुनुभएको थियो । उहाँ गत वर्षको स्थानीय तह निर्वाचनमा नेकपा (एमाले) बाट उम्मेदवार बनेर वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो । सामाजिक र राजनीतिक जीवन सुरु गरेपछि धेरै आफन्तबाट पढाइलाई निरन्तरता दिन सुझाव आएको र आफूलाई समेत पटक-पटक पढाइको आवश्यकताको महसुस भएपछि एसइई परीक्षा दिएको वडाध्यक्ष रोकाको भनाइ छ ।

यसैबीच, राष्ट्रिय परीक्षा बोर्डले बिहीबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा २०७९ (एसइई) को नतिजामा म्याग्दीका एक विद्यार्थीले ४ जिपिए ल्याउन सफल हुनुभएको छ ।

सदरमुकाम बेनीस्थित प्रकाश माध्यमिक विद्यालयका समिर सुवेदीले ४ जिपिए नतिजा ल्याउनुभएको हो । शिक्षा विकास तथा समन्वय एकाइका एकाइ प्रमुख दलबहादुर थापाले यस वर्षको एसइई परीक्षामा म्याग्दीबाट सहभागी विद्यार्थीमध्ये सुवेदीले ४ जिपिए ल्याएर सर्वोकृष्ट बन्न सफल भएको बताउनुभयो ।

# स्वास्थ्य संस्थामा परीक्षण गराउने गर्भवतीलाई पाँच हजार भत्ता

पोखरापत्र संवाददाता
तनहुँ, २२ असार

स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराउने गर्भवतीलाई व्यास नगरपालिकाले पाँच हजार भत्ता दिन सुरुआत गरेको छ। जिल्लाको १० पालिका मध्ये नियमित खोप र स्वास्थ्य परीक्षण गराउने गर्भवतीलाई पोषण भत्ता दिने व्यास नगरपालिका पहिलो भएको जनाइएको छ ।

गर्भवतीले टिटानस र धनुष्टङ्कार रोगको विरुद्धको टिडी खोप लगाउनुपर्छ । खोप लगाएको र नियमित परीक्षण गराएकाले सो सुविधा पाउने जनाइएको छ। भत्ता पाउनका लागि गर्भवती आठ महिना भने पूरा भएको हुनुपर्ने प्रावधान रहेको नगरपालिकाले जनाएको छ । स्वस्थ शिशु जन्माउने र मातृ मृत्युदर घटाउने नीति अवलम्बन गरिएकाले सोही अनुसार गर्भवतीलाई पोषण भत्ता प्रदान गरिएको नगरपालिकाको महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखाप्रमुख राधा आचार्यले बताउनुभयो । हालसम्म व्यासभित्रका एक सय ३० महिलालाई पोषण भत्ताबापत रु ६ लाख ८५ हजार प्रदान गरिसकिएको उपशाखाले जनाएको छ । भत्ता पाउनेहरूमा आदिवासी जनजाति ५७, दलित ३४ र २९ जना ब्राह्मण-क्षेत्री छन् । ‘यस कार्यक्रमले आर्थिक अवस्था न्यून भएका गर्भवतीलाई प्रत्यक्ष लाभ पुऱ्याएको हामीले ठानेका छौँ”, उपशाखाप्रमुख आचार्यले भन्नुभयो, “हामीले भत्ता दिने बेलामा समेत स्वास्थ्य संस्थामै गएर सुत्केरी गराउन सल्लाह र स्वास्थ्य समस्या भए परामर्शसमेत दिने गर्छौं ।”

आफूहरूले गर्भवतीलाई प्रदान गरिएको भत्ता रकम पोषणका लागि प्रयोग गर्न अनुरोधसमेत गर्ने गरिएको उपशाखाप्रमुख आचार्यले जानकारी दिनुभयो । यसरी भत्ता दिने गर्दा स्वयं गर्भवतीबाट सकारात्मक प्रतिक्रिया पाउने गरेको उहाँको भनाइ छ । व्यास -५ रानीटारीकी ३० वर्षीया चिजा विकले भत्ता पाएकामा खुशी व्यक्त गर्नुभयो । “गर्भवतीलाई भत्ता दिने गरिएको कुरा पत्याएर लागेको थिएन”,उहाँले भन्नुभयो, “हातमा नगदै परेपछि चाहिँ निकै अचम्ममा परेको छु । यो रकम फलफूल र पौष्टिक आहारमै खर्च गर्नेछु ।” “खोप र नियमित परीक्षण मात्रा पूरा गरेपछि भत्ता पाइने रहेछ”, व्यास-५ की २३ वर्षीया सपना भुजेलले भन्नुभयो, “यस्तो कार्यक्रमले आत्मसम्मानसमेत मिलेको महसुस हुँदो रहेछ ।”

मातृ मृत्युदर घटाएर गर्भवतीलाई नियमित परीक्षण गर्ने बानीको विकास गर्न पोषण भत्ताको कार्यक्रम लागू गरिएको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । यस कार्यक्रमले सकारात्मक चर्चा पाएकोसमेत उहाँले जानकारी दिनुभयो । “यो कार्यक्रमको सकारात्मक चर्चाले हामीलाई हौसला मिलेको छ”, उहाँले भन्नुभयो, “नगरवासीलाई कसरी प्रत्यक्ष प्रभावकारी कार्यक्रम लागू गर्न सकिन्छ भन्नेमा नै हामी जहिल्यै केन्द्रित छौँ ।”

# पहिराले कृषि सडक पाँच दिनदेखि अवरुद्ध

पोखरापत्र संवाददाता
पोखरा, २२ असार

पोखरास्थितबागलुङबसपार्कदेखि जामुनाबोट-मेथलाङ हुँदै नौडाँडा जोड्ने कृषि सडक खण्ड पाँच दिनदेखि अवरुद्ध भएको छ ।

यही असार १७ गते राति परेको अविरल वर्षासँगै पोखरा महानगरपालिका-१८ गैरीस्वारा भिरमा आएको पहिराका कारण सो सडक खण्ड अवरुद्ध भएको हो । गैरीस्वाराको जङ्गलबाट ठूलो चट्टानसहित खसेको पहिराले लगभग एक सय मिटर ढाकेको सडक खुलाउने प्रयास भइरहेको पोखरा-१८ का वडाध्यक्ष शिवप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । “सडक पूरै चट्टानले ढाकेको छ, पन्छाउँदा माथिल्लो क्षेत्रमा चर्केको अवस्थामा रहेको जङ्गल सहितको भाग खस्ने उच्च जोखिम छ”, उहाँले भन्नुभयो, “महानगर प्रमुख धनराज आचार्यसहितको प्राविधिक टोलीले स्थलगत अध्ययनपश्चात् सडक सञ्चालन गर्ने प्रयास सुरु गरिने छ ।”

पोखरा महानगरपालिकाको क्रमागत योजनाअन्तर्गत निर्माण भइरहेको पोखरा-बागलुङ राजमार्गको नौडाँडा जोड्ने करिब २० किलोमिटर दूरीको कृषि सडक एकतर्फी नालासहित कालोपत्र भइरहेको छ । उक्त सडक अवरुद्ध भएसँगै पर्धेंली-खड्का थर कच्ची बाटोबाट यातायात सञ्चालन भइरहेको जनाउँदै उहाँले भन्नुभयो, “वर्षाका कारण कमजोर अवस्थाको उक्त साँघुरो सडक जोखिमपूर्ण रहेको छ ।”

लामो समयसम्म पहिरो पन्छाएर सडक सञ्चालन गर्न नसक्दा स्थानीय उत्पादनको बिक्री वितरणका लागि पोखरा बजारसम्म आवतजावतमा समस्या परेको स्थानीय बासिन्दाले बताएका छन् । सोही राति चङ्खपुरको समरखुमा गएको पहिराका कारण अवरुद्ध भएको लेकसाइड-पामे-घाटीछिनासडक महानगरका प्राविधिकसहित आवश्यक उपकरण प्रयोग गरेर सञ्चालन गरिएको वडाअध्यक्ष तिमिल्सिनाको भनाइ छ ।

# हालसम्म २७ प्रतिशत रोपाइँ

रासस
काठमाडौं, २२ असार

मुलुकभर हालसम्म करिब २७ प्रतिशत धान रोपाइँ भएको छ ।

गत वर्ष असार २१ गतेसम्म करिब ४० प्रतिशत रोपाइँ भएकोमा थियो यसवर्ष करिब १३ प्रतिशत कम रोपाइँ भएको कृषि तथा पशुपक्षी मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो । प्रदेशसँगको समन्वयमा तयार गरिएको तथ्याङ्कअनुसार असार २१ गते बिहीबारसम्म करिब २७ प्रतिशत मात्र रोपाइँ भएको उहाँले बताउनुभयो । विशेषगरी मधेस प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा मनसुन सुरु हुन ढिलो भएका कारण रोपाइँमा कमी भएको हो । आगामी साउन १५ सम्म सामान्य हिसाबले रोपाइँ हुने भएकाले विगत वर्षमा जस्तै शतप्रतिशत रोपाइँ हुने मन्त्रालयको प्रारम्भिक अनुमान छ ।

# विश्वकप छनोट खेलेर नेपाली राष्ट्रिय क्रिकेट टिम स्वदेश फिर्ता

रासस
काठमाडौं, २२ असार

जिम्बावेमा भएको आइसिसी विश्वकप छनोट खेलेर नेपाली राष्ट्रिय क्रिकेट टिम शुक्रबार स्वदेश फर्किएका छन् ।

प्रतियोगितामा नेपाल समूह चरणमा जिम्वाबे, वेस्टइन्डिज र नेदरल्यान्डसँग पराजित भएको थियो भने नेपालले अमेरिकालाई पराजित गरेको थियो ।

प्लेअफ खेलमा नेपालले युएईलाई हराएको थियो । नेपाल आयरल्यान्डसँग पराजित हुँदै आठौँ स्थानमा प्रतियोगिता टुङ्ग्याएको थियो । विश्वकप छनोटमा विभिन्न १० टोली सहभागी थिए । नेपाली टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान) का पदाधिकारीले त्रिभुवन अन्तर र्ष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए ।

# कांग्रेस जिल्ला सभापतिहरुको दुई दिने बैठक सम्पन्न

रासस
पोखरा, २२ असार

नेपाली कांग्रेस केन्द्रीय कार्यालयको आयोजनामा यही असार २१ गतेदेखि शुरु भएको पार्टीका जिल्ला सभापतिहरुको दुई दिने बैठक १४ बुँदे आन्तरिक प्रतिबद्धता पारित गर्दै शुक्रबार सम्पन्न भएको छ ।


बैठकमा पार्टीका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले प्राप्त सुझावलाई पार्टी तहमा छलफल गरी आवश्यकताअनुसार आगामी केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । बैठकमा जिल्ला सभापति योगेन्द्र पञ्जियार (धनुषा), रुपनारायण जवेगु (पाँचथर), दिनेश राई (धनकुटा), विष्णुकुमार राई (खोटाङ), किशोरदत्त बराल (कास्की), केदार भण्डारी (सुनसरी), राजेश्वर खनाल (चितवन), केशबहादुर विष्ट (सल्यान), नागेश्वर यादव (महोत्तरी), अरुणप्रकाश सिंह राठौर (वर्दिया) र रमेशकुमार महत (नुवाकोट)ले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको कार्यवाहक मुख्यसचिव डा प्रदीप पराजुलीले जानकारी दिनुभयो । यसैगरी जिल्ला सभापति कारणवस अनुपस्थित रहेका जिल्लाका हकमा कावा सभापति झपेन्द्र गैरे (पाल्पा), उपसभापति बीरबहादुर विष्ट (बैतडी), जिल्ला सचिव बालदीप कँडेल (सुर्खेत), अजय लुइटेल (ओखलढुङ्गा), केशवराज मिश्र (कैलाली), गुप्तनिधि शर्मा (पर्वत), माधवप्रसाद ढकाल (काभ्रे), प्रतिनिधि मुकेश सिंह (बारा) र निर्मला खड्का (भोजपुर)ले आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
- » शरिरको एक हर नचल्ने ।
- » मुख बाङ्गो भएको ।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
- पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
- फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
- फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
- ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
- अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# आदिकवि भानुभक्तको जन्मजयन्ती तीन दिन मनाइने

रासस
तनहुँ २१ असार

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको २१० औँ जन्मजयन्ती तीन दिनसम्म विविध कार्यक्रम आयोजना गरी मनाइने भएको छ ।

आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीका अवसरमा दीपावली, खुला कविता प्रतियोगिता र रामायण वाचन प्रतियोगिता गरिने आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाली साहित्यको प्रवर्द्धन गर्ने उद्देश्यले उक्त प्रतियोगितामा देशभरका साहित्यकारलाई निम्तो गरिएको बताउनुभयो । खुला कविता प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु १० हजार, रु सात हजार र रु पाँच हजार पुरस्कार प्रदान गरिनेछ । यस्तै रामायण वाचनतर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु पाँच हजार, रु तीन हजार र रु एक हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगितामा सहभागिताका लागि इमेलबाट पनि कविता पठाउन सकिने व्यवस्था गरिएको छ । उक्त कार्यक्रममा साहित्यिक क्षेत्रका विभिन्न व्यक्तिलाई सम्मान समेत गरिने छ । जन्मजयन्तीको कार्यक्रममा बालन, कुमालका पाउदुरे र मगरका कौराह नृत्य प्रदर्शन गरिने अध्यक्ष ऋषिराम पन्तले जानकारी दिनुभयो ।

छायाङ्कन हुँदै आदिकवि सम्बन्धी गीत

'भानुभक्त आचार्य हुन् नेपालका आदिकवि
साहित्यका शिखरको चहकिलो रातो छवि
रामायण लेखे उनले, अकविता मेटे उनले
साहित्यको यौटा नयाँ मूल बाटो भेटे उनले
तनहुँका डाँडाकाँडा त्यसै पनि हराभरा
भानुभक्त जन्मेपछि मुस्कुराई वसुन्धरा'

यो गीत राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यका बारेमा ८२ वर्षीय गायक रामबाबु सुवेदीले लेख्नुभएको र गीत गाउनुभएको हो । भानुभक्तको क्षेत्र र उहाँका कृतिलाई सदैव जीवन्त राख्नका लागि गायक सुवेदीले भानुभक्तसम्बन्धी बालगीत गाउनुभएको हो ।

बालबालिकाबाट नै आदिकविको संरक्षण र प्रवर्द्धनमा जोड दिनसके उहाँ सदैव जीवन्त रहने उहाँको बुझाइ छ । उहाँले माया, पिरती, बिछोडका गीतमा बालबालिकालाई सहभागी गराउनुभन्दा उनीहरुको उमेरलाई सुहाउँदो गीतमा सहभागिता गराउँदा उनीहरुमा सकारात्मकता विकास हुनेको उहाँको भनाइ छ । उक्त गीत २१०औँ भानु जयन्तीको अवसरमा सार्वजनिक गर्ने गरी भानुभक्तको गीतमा स्थानीय १२ बालिकालाई सहभागी गराइएको निर्देशक आचार्य गोपालले जानकारी दिनुभयो । "बालबालिकालाई बालगीतमा सहभागी गराउनुपर्छ भन्ने उद्देश्यले गीत छायाङ्कन गरिएको छ, बालबालिकाको आफ्नै उमेर सुहाउँदो गीतमा नाच्न र गाउन सिकाउनुपर्छ भन्ने हेतुले गीतको छायाङ्कन गरिएको हो", उहाँले भन्नुभयो ।

राष्ट्रिय विभूति आदिकवि भानुभक्तलाई उक्त गीतले जीवन्त राख्ने उहाँको भनाइ छ । भानुभक्तकै जन्मस्थलमा छायाङ्कन गरिएको उक्त गीत यही असार २९ गते २१० औँ भानु जन्मजयन्तीका अवसरमा सार्वजनिक गरिनेछ ।

# धौलागिरिमा ९२ प्रतिशत योजना सम्पन्न

पोखरापत्र संवाददाता
म्याग्दी, २१ असार

म्याग्दीको धौलागिरि गाउँपालिकाले चालु आर्थिक वर्ष २०७९/८० मा पूर्वाधार निर्माणतर्फ ९२ प्रतिशत योजना सम्पन्न गरेको छ ।

आर्थिक वर्ष सकिन केही दिन बाँकी रहँदा गाउँपालिकाले उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका अधिकांश योजनाको भुक्तानी गरिसकेको छ । धौलागिरिले ७० दशमलव ५४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । गाउँपालिकाको योजना शाखाका प्रमुख रमेश पौडेलले पूर्वाधारका एक सय ४५ योजनामध्ये बिहीबारसम्म एक सय ३४ वटाको अन्तिम किस्ता भुक्तानी सकिएको जानकारी दिनुभयो । "एक सय ३३ वटा उपभोक्ता समिति र एक वटा ठेक्कामार्फत सञ्चालित योजना सकिएको छ", उहाँले भन्नुभयो, "ठेक्कामार्फत कार्यान्वयन भएका र धेरै बजेट भएका केही आयोजनाको प्राविधिक नापजाँच गरेर भौतिक प्रगतिको आधारमा भुक्तानी गर्ने तयारीमा छौँ ।" लेखा शाखाका प्रमुख तिलक पौडेलले कूल रु ४७ करोड ४१ लाख बजेट विनियोजन भएकामा बिहीबारसम्म रु ३३ करोड ४४ लाख खर्च भइसकेको बताउनुभयो । "बजेटको आकार ठूलो भएका आयोजनाको भुक्तानी भयो भने खर्चको प्रतिशत अझ बढ्छ", उहाँले भन्नुभयो, "बाँकी र प्रक्रियामा रहेका फाइलको भुक्तानी हुँदासम्म वित्तीय प्रगति ८० प्रतिशत नाघ्ने अनुमान गरेका छौँ ।" पूर्वाधार विकास शीर्षकको रु १० करोड १० लाखमध्ये ५८ दशमवल ६४ प्रतिशत अर्थात् रु पाँच करोड ९२ लाख खर्च भएको छ । यातायात पूर्वाधारमा रु चार करोड ४४ लाख विनियोजन भएकामा ६३ दशमलव ७७ प्रतिशत अर्थात् रु दुई करोड ८३ लाख खर्च भएको छ । रु पाँच करोड २३ लाख ८३ हजार सात सय २१ विनियोजन भएको भवन, आवास तथा सहरी विकास शीर्षकको ५४ दशमलव १२ अर्थात् रु दुई करोड ८३ लाख खर्च भएको छ । पूर्वाधारतर्फ सडक, पदमार्ग, भवन, झोलुङ्गे पुल, खानेपानी, सडक स्तरोन्नतिलगायतका आयोजना सञ्चालन भएका थिए । प्रमुख प्रशासकीय अधिकृत ध्रुव रिजालले दरबन्दीको एक तिहाइमात्र कर्मचारी, भौगोलिक विकटताका बाबजुद जनप्रतिनिधिको समन्वय र समुदायको सक्रियताका कारण योजना कार्यान्वयनमा सहज भएको बताउनुभयो । गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले सीमित जनशक्ति र स्रोतको अधिकतम परिचालन गर्ने नीतिका साथै समयमै योजनाको लागत अनुमान तयार पार्ने, उपभोक्ता समिति गठन, नियमित अनुगमन र समन्वय गरेर आर्थिक वर्षको अन्तमा गरिने असारे विकासको प्रवृत्ति हटाउने प्रयास गरेको बताउनुभयो ।

# तीन दशकदेखि लगातार ओरालो लाग्दै पर्वतको जनसङ्ख्या

पोखरापत्र संवाददाता
पर्वत, २१ असार

पर्वत जिल्लाको जनसङ्ख्या विगत ३० वर्षयता लगातार घट्दै गएको पाइएको छ । पछिल्ला तीनपटक भएका जनगणनाको तथ्याङ्कमा जनसङ्ख्या घट्दै आइरहेको देखिएको हो । विसं २०५८ मा एक लाख ५७ हजार आठ सय २६ जनसङ्ख्या रहेकामा २०६८ सालमा एक लाख ४५ हजार पाँच सय ९० मा झरेको थियो ।

विसं २०७८ को गणनामा भने झनै घटेर एक लाख ३० हजार आठ सय ८७ कायम भएको छ । वृद्धिदर हेर्दा २०५८ सालमा शून्य दशमलव ९५ प्रतिशत वृद्धिदर रहेकामा २०६८ मा शून्य दशमलव ७४ प्रतिशत रहेको रहेको थियो । जनसङ्ख्या कम भएसँगै जनघनत्व पनि घटेको छ । प्रति वर्गकिलोमिटरमा २०५८ मा तीन सय १९, २०६८ मा दुई सय ९७ र २०७८ मा दुई सय ६५ जना बसोबास गरेको देखिएको छ । राष्ट्रिय जनगणना, २०७८ मा जिल्लाको नतिजा बिहीबार सार्वजनिक गर्दै तथ्याङ्क सहायक सुरेन्द्रराज पौडेलले २०६८ को जनगणना र २०७८ को जनगणनाको १० वर्षे अवधिमा पर्वतमा माइनस एक दशमलव शून्य नौ प्रतिशत वृद्धिदर रहेको बताउनुभयो । सातवटा स्थानीय तह रहेको जिल्लामा ती सबै स्थानीय तहको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ । बिहादी गाउँपालिकामा सबैभन्दा धेरै माइनस दुई दशमलव शून्य पाँच तथा जलजला गाउँपालिकामा माइनस शून्य दशमलव १५, कुश्मा नगरपालिकामा माइनस शून्य दशमलव ३७, महाशिला गाउँपालिकामा माइनस एक दशलव ८७, मोदी गाउँपालिकामा माइनस एक दशमलव १९ र फलेवास नगरपालिकामा माइनस एक दशमलव ८० प्रतिशत रहेको छ । विसं २०७८ को तथ्याङ्कअनुसार बिहादीमा १० हजार आठ सय २८, जलजलामा २१ हजार एक सय १९, कुश्मामा ३८ हजार एक सय एक, महाशिलामा आठ हजार एक सय ३६, मोदीमा १८ हजार सात सय ९४, पैयूँमा १२ हजार सात सय ७५ र फलेवासमा २० हजार चार सय ६८ जनसङ्ख्या रहेको छ । होस्टल, इन्स्टिच्युट वा ब्यारेकमा बस्दै आएकाहरूलाई संस्थागत जनगणना भनी राखिएको छ । पर्वतमा त्यस्तो जनसङ्ख्या नौ सय २३ रहेको देखिएको छ ।

जिल्लामा पुरुषको कुल सङ्ख्या ६१ हजार छ सय ७८ र महिलाको सङ्ख्या ६९ हजार दुई सय नौ रहेको छ । तथ्याङ्क सहायक पौडेलका अनुसार जिल्लामा कुल परिवार सङ्ख्या ३६ हजार एक सय ३७ रहेको पाइएको छ भने परिवारको औसत आकार (परिवारमा सदस्य सङ्ख्या) तीन दशमलव ६२ देखिएको छ तर २०६८ को गणनामा परिवारको औसत आकार शून्य दशमलव एक रहेको थियो । यो तथ्याङ्कले सन्तान कम जन्माउने वा संयुक्त परिवारभन्दा एकल परिवारमा बस्न रुचाउनेहरूको सङ्ख्या बढी भएको देखिएको छ ।

जिल्लाका ३६ हजार एक सय ३७ परिवारमध्ये ११ हजार सात सय ७२ वटा परिवारबाट कम्तीमा पनि एक जना विदेशमा बसोबास गर्ने गरेको पाइएको छ । ती परिवारबाट दुई हजार तीन सय ३२ महिला र १४ हजार एक सय १४ पुरुष गरी कुल १६ हजार चार सय ४६ जना वैदेशिक रोजगारीमा रहेको देखिएको छ ।

यस्तै चार हजार दुई सय ५९ जनामा अपाङ्गता रहेको तथ्याङ्क सार्वजनिक गरिएको छ । राष्ट्रिय तथ्याङ्कअनुसार पाँच वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसङ्ख्याको साक्षरता प्रतिशत देशभरमा ७६ दशमलव दुई प्रतिशत रहेकामा पर्वतमा भने ८० दशमलव १२ प्रतिशत रहेको छ ।

यसपटक भएको जनसङ्ख्या देशको १२औँ जनगणना हो । यसपटकको गणना 'मेरो गणना, मेरो सहभागिता' भन्ने नाराका साथ सञ्चालन गरिएको थियो । जनगणनाका लागि तथ्याङ्क सूचीकरणको काम २०७८ भदौ ३० देखि असोज १८ सम्म भएको थियो भने तथ्याङ्क सङ्कलनको काम २०७८ कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म भएको थियो । जनगणनाबाट प्राप्त भएको तथ्यलाई सामाजिक तथा आर्थिक अवस्था थाहा पाउन, जनसङ्ख्याको प्रक्षेपण गर्न, कृषि गणना तथा अन्य सर्वेक्षणमा नमूना छनोट गर्न, विकासका लक्ष्य मापन गर्नलगायत क्षेत्रमा प्रयोग गर्ने गरिएको छ ।

# धानखेत मासेर किवी खेती

पोखरापत्र संवाददाता
गल्याङ, २१ असार

स्याङ्जामा बहुउपयोगी फल किवीको व्यावसायिक खेती हुन थालेको छ । किवीको मूल्य र बजार राम्रो भएपछि यहाँका कृषक व्यावसायिक किवी खेतीतर्फ आकर्षित भएका छन् । स्वादिलो र औषधीय गुणका कारण किवीको माग र मूल्य उच्च छ ।

फेदीखोला गाउँपालिका–१ कटुसस्वाराका कृषक शिव पराजुली 'सुखानी' लेमोर्डन कृषि फार्ममा गरेकोकिवी खेतीबाट मनग्य आम्दानी लिइरहनुभएको छ । आठ वर्ष अघिदेखि सुरु गरेको व्यवसाय फस्टाउँदो छ । उहाँले वार्षिक रु तीन लाखदेखि रु चार लाखसम्मको किवी बिक्री गर्ने गरेको बताउनुभयो । उहाँले गाउँमै छ रोपनी जग्गामा किवी खेतीसँगै दुई हजार कुखुरापालन पनि गर्दै आउनुभएको छ ।

"आठ वर्ष पहिले धान रोप्न ठिक्क पारेको खेतमा किवीका बिरुवा लगाएको थिए", पराजुलीले भन्नुभयो, "अहिले किवीले राम्रो उत्पादन दिएको छ, किवीकै आम्दानीले घरखर्च पनि चलाएको छु ।" उहाँले उत्पादित किवी बिक्री लागि बजारको समस्या नभएको बताउनुभयो । "गाउँबाट नजिक भएकाले पोखरा लगेर बिक्री गर्छु, स्थानीय बजारमा पनि राम्रै बिक्री हुन्छ", उहाँले भन्नुभयो, "अहिले प्रतिकिलो रु पाँच सयदेखि रु सात सयसम्ममा सबैले किन्छन्, बेमौसममा भने रु एक हजारदेखि रु एक हजार तीन सयसम्ममा बिक्री हुन्छ ।"

पराजुलीले गरेको किवी खेतीमा डाक्टर चन्द्रमान श्रेष्ठले प्राविधिक सहयोग गर्नुभएको छ । शिक्षण पेसा अँगाल्नुभएका उहाँ शिक्षण पेसा छोडेर राजनीतिमा आउनुभयो । राजनीतिलाई उत्पादनसँग जोडेर सुशासन कायम गर्नुपर्छ भन्ने हेतुले उहाँ कृषि पेसामा आबद्ध भएको बताउनुहुन्छ । "म विज्ञानको विद्यार्थी भएकाले उच्चतम प्रविधिको उपयोग गरी बाँच्न सिक्नुपर्छ भन्ने सोच सानैदेखि थियो ।" पराजुलीले भन्नुभयो, "आधुनिक प्रविधिको उपयोग गरेर कृषिमा लाग्छु भन्ने सङ्कल्पसहित कृषि व्यवसायमा आबद्ध भएको हुँ ।" पराजुलीले कृषकका कृषि बालीमा राज्यले उपचार र प्राविधिक सहयोग निःशुल्क गर्नुपर्नेमा जोड दिनुभयो । उत्पादनका आधारमा कृषि पकेट क्षेत्रलाई अझ विस्तार र विकास गर्न सरकारसँग उहाँको आग्रह छ । किवी वैशाखमा फूल खेल्ने र कात्तिकबाट पाक्न सुरु गर्छ । किवी फलमा प्रोटिन, चिल्लो, कार्बोहाइड्रेट, क्याल्सियम, फलाम, फस्फोरस, पोटासियम, भिटामिन ए, भिटामिन सीलगायतका तत्व पाइने भएकाले बहुउपयोगी फलको रुपमा लिइन्छ ।

फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले पालिकाभित्र गरिएका हरेक कृषि कर्मलाई प्राथमिकता दिने गरिएको बताउनुभयो । उहाँले गाउँपालिकामा रहेर कृषकको हितका लागि उत्पादनमा आधारित १५ प्रतिशत अनुदान दिएको बताउनुभयो । गाउँपालिकामा न्यूनतम समर्थन मूल्य, उत्पादनमा आधारित अनुदान, जग्गा वर्गीकरण, भूमि बैंक स्थापना, बारीखेत प्रोत्साहनलगायत कार्यक्रम सञ्चालनमा रहेको सुवेदीको भनाइ छ ।

# चुमनुब्रीको स्याउलाई 'ब्रान्डिङ' गरिँदै

पोखरापत्र संवाददाता
गोरखा, २१ असार

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाभित्र उत्पादन हुने स्याउलाई मनास्लु स्याउ नामकरण गरी ब्रान्डिङ गरिने भएको छ ।

गाउँपालिकाले पालिकाभित्र उत्पादित स्याउको निर्यात बढाउनका लागि स्याउको नामकरण मनास्लु राखेर 'ब्रान्डिङ' गर्ने घोषणा गरेको गाउँपालिका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो । "हिमाली क्षेत्र पर्ने भएकाले चुमनुब्री स्याउको राम्रो उत्पादन हुने गाउँपालिका हो", उहाँले भन्नुभयो, "गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा पालिकाभित्र उत्पादित स्याउको नामकरण गरी मनास्लु स्याउ राखेर बजारसम्म पुऱ्याउने गाउँपालिकाको नीति रहेको छ ।"

सडक यातायातको पहुँच नपुगेकाले चुमनुब्रीमा उत्पादन हुने स्याउ बजारसम्म पुऱ्याउन पनि कठिन हुने र हेलिकप्टरबाट ढुवानी गरेर बजारमा पुग्दा महङ्गो पर्न जाने भएकाले बजारीकरणमा कठिनाइ हुँदै आएको अध्यक्ष लामाको भनाइ छ । अब सिङ्गो पालिकामा उत्पादन हुने स्याउको नामकरण गरी एउटै ब्रान्डको स्याउका रूपमा बजारसम्म पुऱ्याउने हाम्रो योजना छ", उहाँले भन्नुभयो, "यसो गर्दा स्याउको बजार पनि विस्तार हुने र चुमनुब्रीको स्याउले बजारमा पहिचान पनि बनाउन सक्ने अवस्था हुन्छ ।"

अध्यक्ष लामाले गाउँपालिकाको नीति तथा कार्यक्रममा नै चुमनुब्रीभित्र स्याउ उत्पादनमा जोड दिँदै बजारीकरणका लागि गाउँपालिकाले पहल गर्ने योजना बनाएको बताउनुभयो । "कृषि पेसाअन्तर्गत पनि यस क्षेत्रको प्रमुख आयआर्जन व्यावसायिक स्याउ खेती एक प्रमुख कृषि पेसा हो", उहाँले भन्नुभयो, "हावापानीका हिसाबले पनि राम्रो उत्पादन हुने क्षेत्र भएकाले यसलाई प्राथमिकीकरण गरेर जानुपर्छ भन्ने स्थानीय सरकारको जोड छ ।"

# एसइई परीक्षा : निजीभन्दा सामुदायिक अब्बल

पोखरापत्र संवाददाता
बागलुङ, २१ असार

एसइई परीक्षाफल प्रकाशनको नतिजाअनुसार बागलुङमा निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नतिजा अब्बल देखिएको छ ।

बिहीबार प्रकाशित एसइई परीक्षाफलअनुसार बागलुङमा चार जिपिए (शतप्रतिशत) अङ्क ल्याउने छ, विद्यार्थीमध्ये चार विद्यार्थी सामुदायिक विद्यालयका रहेका छन् । जिल्लामा चार सामुदायिक र दुई निजी विद्यालयका विद्यार्थीले चार जिपिए ल्याउन सफल भएको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयले जनाएको छ ।

जिल्लामा गत वर्षको तुलनामा यस वर्ष उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको हो । गत वर्ष ५६ जनाले तीन दशमलव छ जिपिएभन्दा माथि अङ्क प्राप्त गरेकामा यस वर्ष बढेर तीन दशमलव छ जिपिएभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या एक सय ३९ जना पुगेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख कुश्मराज उपाध्यायले जानकारी दिनुभयो ।

जिल्लामा चार जिपिए ल्याउने विद्यालयमा गणेश माविका दुई, चिल्डेन लाइफ बोर्डिङ स्कुलका दुई, रुद्रेपील माविका एक विद्यार्थी र भीमगिठे माविका एक विद्यार्थी रहेका छन् । जिल्लामा चार हजार सात सय ७४ विद्यार्थी परीक्षामा सम्मिलित भएका थिए । त्यसमध्ये दुई सय ३० प्राविधिक धारतर्फका विद्यार्थी परीक्षामा सहभागी भएका थिए । बागलुङमा तीन दशमलव छदेखि चार जिपिए ल्याउने एक सय ३९, तीन दशमलव तीनदेखि तीन दशमलव ५५ जिपिए ल्याउने तीन सय १३ विद्यार्थी, दुई दशमलव आठदेखि तीन दशमलव १५ जिपिए ल्याउने चार सय ६७, दुई दशमलव चारदेखि दुई दशमलव ७५ जिपिए ल्याउने विद्यार्थी सात सय ४८, दुईदेखि दुई दशमलव ३५ जिपिए अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या एक हजार एक सय ९२, एक दशमलव छदेखि एक दशमलव ९५ सम्म अङ्क ल्याउने एक हजार दुई सय ८३ र एक दशमलव दुईदेखि एक दशमलव ५५ जिपिए ल्याउने तीन सय ३६ तथा त्यसभन्दा कम अङ्क ल्याउने ६६ विद्यार्थी रहेका छन् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ स्थित चाउथे डाँडाघरदेखि दाहाल पशुफर्म जाने वाटो स्तरोन्नती उपभोक्ता समितिको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः चाउथे डाँडाघरदेखि दाहाल पशुफर्म जाने वाटो स्तरोन्नती
ठेगानाः पोखरा-१४, चाउथे
योजना सम्झौता मितिः २०८०/०२/२३
योजना शुरु मितिः २०८०/०२/२३
योजना सम्पन्न मितिः २०८०/०३/१७
योजनाको कुल लागतः रु. ११,७६,६७२/९२
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु. १,७६,६७२/९२
उपभोक्ता समितिका पदाधिकारीहरु अध्यक्षः सन्त बहादुर खड्का सचिवः टीका के.सी. कोषाध्यक्षः रीमा पौडेल पोखरेल

**चाउथे डाँडाघरदेखि दाहाल पशुफर्म जाने वाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-१४, चाउथे**